नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

हरिहरभवन, ललितपुर

## पशु सेवा सामाजिक परिचालक करार कार्यक्रम अन्तर्गत छनौट गर्ने सम्बन्धि सूचना

2066 ८।१८

२।०७५

६।१८

गोरखापत्र

सूचना प्रकाशित मिति:- २०७६/०८/१८

यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गतको विकेन्द्रिकृत आयोजना सहयोगी इकाइहरु को आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रमको क्रम संख्या २.५.३.१८३ मा उल्लेखित पशु सेवा सामाजिक परिचालक करार कार्यक्रम अन्तर्गत सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोगी इकाइको (DLSUs) मातहतमा रही सम्बन्धित जिल्ला र पालिकाहरुमा कार्य गर्ने गरी तपसिल बमोजिमको संख्यामा नेपाल कृषिसेवा, लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट वा भेटेरिनरी समूहको राजपत्र अनंकित द्वितिय श्रेणीको प्राविधिक पदको लागि निर्धारित गरेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको इच्छुक उम्मेदवारबाट पशु सेवा सामाजिक परिचालक छनौट सम्बन्धी मार्गदर्शन, २०७६ बमोजिम अनुसूची १ बमोजिम कार्य गर्ने गरी खुल्ला प्रतिस्पर्धाबाट छनौट गर्नको लागि मार्गदर्शनको अनुसूची २ को ढाँचामा दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | विकेन्द्रिकृत आयोजना सहयोगी इकाई | पशु सेवा सामाजिक परिचालकको संख्या | कार्य क्षेत्र अन्तर्गतका जिल्लाहरु |
|---|---|---|---|
| १ | विराटनगर | २६ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ र सुनसरी |
| २ | हेटौडा | २३ | सप्तरी, धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाण्डौ, मकवानपुर र चितवन |
| ३ | पोखरा | २५ | स्याङ्जा, कास्की, तनहुँ, म्याग्दी, नवलपुर (पूर्व) |
| | (क) मुस्ताङग | २ | मुस्ताङग |
| | (ख) मनाङग | २ | मनाङग |
| | (ग) ग. प. प्र.का. | ४ | पोखरा, सिराहा र बाँके |
| ४ | बुटवल | २४ | रुपन्देही, नवलपरासी (पश्चीम), गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया |

**परिक्षाको किसिम**:- लिखित र अन्तर्वार्ता

**दरखास्त दिने अन्तिम मिति**:- २०७६/०९/१८ गते कार्यालय समय सम्म दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन।

| दरखास्त दिने स्थान | सम्पर्क नं. | E-mail ID |
|---|---|---|
| विकेन्द्रिकृत आयोजना सहयोग इकाइ, विराटनगर | 021-500283 | dlsubiratnagar@gmail.com |
| विकेन्द्रिकृत आयोजना सहयोग इकाइ, हेटौडा | 057-524574 | dlsuhetauda@gmail.com |
| विकेन्द्रिकृत आयोजना सहयोग इकाइ, पोखरा | 061-527120 | dlsupokhara@gmail.com |
| विकेन्द्रिकृत आयोजना सहयोग इकाइ, बुटवल | 071-550580 | menlsipbutwal@gmail.com |

**दरखास्त दस्तुर**:- रु ३००/-

**सम्पर्क मिति र स्थान**:- २०७६/०९/२५ गते सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोगी इकाई

**लिखित परिक्षा संचालन मिति**:- २०७६/०९/२६ गते बिहान ११ बजे।

**परीक्षा केन्द्र**:- सम्पर्क मितिमा सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोगी इकाईले तोक्ने छ।

**लिखित परिक्षाको नतिजा प्रकाशन हुने र अन्तर्वार्ता हुने मिति र स्थान**:- सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाईले सम्पर्क मितिको दिन तोक्नेछ।

**उम्मेदवारको उमेर हद**:- २०७६/०९/१८ गते सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ। (तर महिला र अपाङगको उमेरको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ।)

**पदमा रही गर्नु पर्ने कामको विवरण**:- मार्गदर्शनको अनुसूची १ बमोजिम web site: www.psc.gov.np

**तलब**:- स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि रा.प.अन.द्वि. श्रेणीको प्राविधिकले पाउने शुरु तलब स्केलमा नबढ्ने गरी। अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु पालन, पशु स्वास्थ्य विषय लिई टी.एस.एल.सी. उत्तीर्ण भएको हुनुपर्ने।

द्रष्टव्य

(क) निजामति सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ख) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ग) दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्नेछ र लिखित परीक्षामा सफल उम्मेदवारले अन्तर्वार्ता दिन आउदा सक्कल प्रमाणपत्र लिई आउनु पर्नेछ।

(घ) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ङ) लिखित परीक्षा र अन्तर्वार्ताको औसत अंकको कूल योगको आधारमा अन्तिम परीक्षाफल प्रकाशन गरिने छ।

(च) पशु सेवा सामाजिक परिचालक छनौट सम्बन्धी मार्गदर्शन, २०७६ दरखास्त फाराम, पाठ्यक्रम सम्बन्धित लगायतका विस्तृत जानकारी यस आयोजनाको Website www.nlsip.gov.np बाट वा सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाइहरुबाट प्राप्त गर्न सकिनेछ।

(छ) पाठ्यक्रम लोक सेवा आयोगको web site: www.psc.gov.np बाट पनि प्राप्त गर्न सकिने छ।

(ज) यस सूचना सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस आयोजनामा निहित हुनेछ।